फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश,

प.सं.: ०७७/०७८
च.नं. :

# आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति:- २०७७।०७।०६)

यस फलेवास नगरपालिकाको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम संचालन हुने व्यवसायिक तरकारी खेति कार्यक्रम संचालन गर्न इच्छुक यस फलेवास नगरपालिका क्षेत्र भित्रका **कृषक, कृषि सहकारी, कृषक समूह, निजि फर्मले** यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन यस कार्यालयमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघीप्राप्त हुन आएका प्रस्तावहरु छनौटकालागि समाबेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

कार्यक्रमको लक्ष्य :- ३०

स्विकृत बजेट :- रु.१५,००,०००। अक्षरुपि पन्ध्र लाख मात्र। न्युनतम ५०% कृषक साझेदारी हुनुपर्ने छ।

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. प्रस्तावकको सक्कल निवेदन
२. कृषक परिचय पत्रको प्रतिलिपि
३. नागरिकताको प्रतिलिपि
४. कृषकसमुह/ सहकारी/ निजि फार्म नियमानुसार दर्ता भएको प्रमाण- पत्रको प्रतिलिपि
५. कृषकसमुह/ सहकारी/ फार्मको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
६. सहकारी/फार्महरुको हकमा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
७. समुह सहकारी को हकमा १० जना एउटै कलस्टरमा खेति गर्ने कृषक छनोट गरी निर्णयको प्रतिलिपि
८. कार्यक्रम संचालनको लागी कार्ययोजना सहितको प्रस्ताव
९. सम्बन्धित वडाकार्यालयको सिफारिस पत्र
१०. समुह, सहकारीको हकमा कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
११. कार्यक्रम संचालनको लागि जग्गाको लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको लागि कम्तिमा ५ बर्षको करार सम्झौता पत्रको प्रतिलिपि
१२. यदि कार्यक्रममा छनोट भएमा न्युनतम ५ वर्ष सोहि व्यवसाय गर्न स्व-घोषणा पत्र
१३. बिगत २ वर्षमा अनुदान लिए नलिएको स्व-घोषणा पत्र

प्रमुख प्रशासकीय अधिकृत

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत